कम्पनी द. नं. १०८११७/०६९/०७०
ने.रा.बैंक/ई.प्रा./घ/३२/०६९/०७०
पान नं. ६०११०११६८

# सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड

# Suryodaya Laghubitta Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रियस्तर कार्यक्षेत्र भएको)

च.नं. ४५६/२०७८/०७९

मितिः २०७८।०८।२३

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौ ।

विषय :जानकारी गराइएको बारे ।

महोदय,

उपर्युक्त सम्बन्धमा मिति २०७८।०८।२२ गते बेलुका ६.०० बजे सम्पन्न यस संस्थाको सञ्चालक समितिको १७१ औं बैठकबाट आ.व.२०७७/०७८ को आर्थिक विवरण तथा आषाढ मसान्तमा कायम रहेको चुक्ता पुँजी रु.२४,८०,४२,९२५।- को २०% बोनस शेयर लाभांश वितरण गर्ने प्रस्ताव गरे अनुसार नेपाल राष्ट्र बैंकबाट समेत मिति २०७८।०८।०९ गतेको पत्रद्वारा स्वीकृति प्राप्त भै आएकोले यस संस्थाको नवौं वार्षिक साधरण सभा मिति २०७८।०९।१६ गते शुक्रवारका दिन विहान ११:०० बजे स्याङ्जा जिल्ला पुतलीबजार न.पा. ३ स्थित सहयात्रि पार्टि प्यालेसमा गर्ने निर्णय भएको छ ।

वार्षिक साधारण सभालाई ध्यानमा राखी मिति २०७८।०९।०१ देखि २०७८।०९।१६ गतेसम्म शेयर दाखिल खारेज दर्ता बन्द रहने छ । हाल यस वित्तीय संस्था वोमी लघुवित्त वित्तीय संस्थासँग गाभ्ने/गाभिने (मर्जर) प्रक्रियामा रहेको हुँदा शेयर कारोबार रोक्का रहिरहेकाले नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा प्रचलित कानुन बमोजिम यस संस्थाको शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापिटल लिमिटेड नक्साल काठमाण्डौमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरूले मात्र यस सभामा भाग लिन र वोनस शेयर पाउने छन् ।

साथै वार्षिक साधारण सभा सम्वन्धी सूचना शेयरधनी महानुभावहरुको जानकारीको लागि मिति २०७८।०८।२३ गते विहिवारको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा समेत अनुरोध छ ।

भवदीय,

...............
राजेन्द्र न्यौपाने
कम्पनी सचिव

**कम्पनी सचिव**

केन्द्रीय कार्यालय पुतलीबजार न.पा.-१, स्याङ्जा
Email: suryodayalaghubitta@gmail.com Ph. No.: 063-421187, 421034 Fax No.: 063-421227
URL:www.suryodayamfi.com.np
(सूर्योदय वित्तीय संस्था लिमिटेडमा विकास लघुवित्त वित्तीय संस्था लिमिटेडलाई गाभेको)

Scanned with CamScanner